# हलेसी तुवाचुङ नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः मितिः २०७९/०३/०९

### भाग - २

### हलेसी तुवाचुङ नगरपालिका

# नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७९

# नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि

हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम खोटाङ

२०७९

# नगर अस्पताल व्यबस्थापन तथा सञ्चालन कार्यविधि, २०७९

प्रस्तावनाः नगर अस्पतालबाट उपलब्ध गरिने सेवाहरुलाई उपलब्ध स्रोत साधनको अधिकतम् सदुपयोग गरी सेवालाई व्यबस्थित, जनमूखि र प्रभावकारी वनाउन स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संबिधान, २०७२ को धारा २१४ वमोजिम अनुसूचि ८ र ९ को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) झ प्रयोग गरी हलेसी तुवाचुङ न.पा.ले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

### नाम, प्रारम्भ, परिभाषा र छाप

1) नाम र प्रारम्भः यो कार्यविधीको नाम "नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७९ रहेको छ"।
2) यो काययविधी नगर राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।
3) परिभाषाः

क)"प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ख)"उप प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनु पर्छ ।

ङ) "अस्पताल" भन्नाले हलेसी तुवाचुङ नगरपालिका भित्र रहेका १५ शैया सम्मको नगर अस्पताल सम्झनु पर्छ ।

च) "समिति" भन्नाले नगर अस्पताल सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनु पर्छ ।

छ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

ज) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष लगायतका व्यक्ति वा पदाधिकारी सम्झनु पर्छ ।

झ) "संरक्षक" भन्नाले समितिको संरक्षकलाई सम्झनु पर्छ।

४. छापः समितिको नेपाल सरकारले तोके बमोजिमको चिन्ह र छाप हुनेछ ।

## परिच्छेद- २

## उदेश्य

५. नगर अस्पताल व्यवस्थापन तथा सञ्चालनको उदेश्यहरुः

१. प्राथमिक स्वास्थ्य सेवालाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्ने।

२. उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी छिटो र प्रभावकारी सेवा जनतालाई उपलब्ध गराउने।

३. स्वास्थ्य सेवालाई सरल, सुलभ र पुहँच योग्य बनाउने।

४. नगर अस्पतालवाट स्वास्थ्य विमा कार्यक्रम लागुगरि कार्यान्वयनमा ल्याउने ।

## परिच्छेद-३

## समितिको गठन

६. समितिको गठनः

क) नगर प्रमुख- अध्यक्ष

ख)नगर उप-प्रमुख- उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) नगर सामाजिक विकास समिति संयोजक- सदस्य

ङ) सम्वन्धित वडाका वडा अध्यक्ष- सदस्य

च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख- सदस्य

छ)स्थानीय (नगरपालिका भित्रका) नगर प्रमुखद्वारा छानिएका १ जना- सदस्य

ज) प्रमुखले मनोनित गरेका एक जना कार्यापलिका महिला- सदस्य

झ) अस्पतालमा कार्यरत कर्मचारीबाट छानिएका एक जना महिला सहित २ जना- सदस्य

ञ) अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट- सदस्य सचिब

## **परिच्छेद-४**

## **समितिको पदावधि**

७. समितिको पदावधिः

क) समितिको पदावधि प्रमुखको पदावधि रहेसम्म रहने छ ।

ख) प्रमुखले मनोनित गरेको सदस्यको पदावधि २ (दुई) वर्षको हुने छ।

ग) सदस्य सचिवको पदावधि सम्बधित स्वास्थ्य संस्थाको हैसियतमा रहेसम्म कायम रहने छ ।

## परिच्छेद- ५

## बैठक सम्बन्धी व्यबस्था

८. बैठक सम्बन्धी व्यबस्थाः

क) समितिको बैठक अध्यक्षताको आदेशमा सदस्य सचिवले बोलाउने छ ।

ख) समितिको बैठक सामान्यतया तीन महिनाको एक पटक वा आवश्यक परे बमोजिम बस्नेछ।

## परिच्छेद- ६

## समितिको काम कर्तव्य र अधिकार

९. समितिको काम कर्तव्य र अधिकारः

क)संघीय, प्रदेश तथा नगरपालिकाले वनाएको ऐन, नियम तथा निर्देशिका अनुसार अस्पताल सञ्चालन गने गराउने ।

ख)नगर अस्पताल सञ्चालन गर्न आवश्यक नीति योजना बनाई कार्यान्वयन गने गराउने ।

ग) नगर अस्पतालको प्रतिवेदनको समीक्षा गने, सुझाव दिने तथा संस्थाको आवश्यक योजना बनाई सोलाई ,आधार मानी योजना तर्जुमा गर्ने ।

घ) नगर अस्पताललाई आवश्यक निर्देशन दिने।

ङ) नगर अस्पतालमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरुस्कारको नीति अबलम्बन गने गराउन लगाउने।

च) नगर अस्पतालमा कर्मचारीको व्यवस्थापन गर्न नगर भित्र रहेका नगर अस्पतालको स्वीकृत दरबन्दीको समान पदमा सरुवा गर्न, काजमा खटाउन नगरपालिकामा सिफारिश गने।

छ) नगरपालिका भित्र सञ्चालित स्वास्थ्य सेवा दिई रहेका अन्य कुनै पनि प्रकारको स्वस्थ्य संस्थाको सञ्चालन, दर्ता, नविकरण, अनुगमन, सुपरीवेक्षण तथा समन्वय आदि नियमानुसार गने।

ज) बैठकले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखि पठाउनु पर्ने रहेछ भने लेखि पठाउने पठाउन लगाउने।

झ) कार्यक्रमको लक्ष्य वा उदेश्यका बारेमा वाञ्छित उपलब्धि भो भएन मूल्याङ्कन तथा समीक्षा गने।

ञ) माथिल्लो निकायहरबाट प्राप्त निर्देशन, परिपत्रहरको जानकारी र कार्यान्वयन गने।

ट) नगर अस्पतालमा रहेका भौतिक सम्पति, उपकरण तथा औषधीहरको समुचित संरक्षण र प्रयोग गने।

ठ) सेवाको गुणस्तरमा ध्यान दिने वा त्यस्ता कार्यक्रममा सहभागी हुने वा गराउने।

ड) जन सहभागिता जुटाई स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने।

ढ) स्वास्थ्य क्षेत्रमा देखा परेका अपरझट समस्याहरको तत्काल समाधान गने।

## परिच्छेद- ७

## बैठकको गणपूरक संख्या

१०. समितिको बैठकको गणपूरक संख्याः

क) पहिलो पटकको समितिको बैठक बस्नका लागि ५१% सदस्य उपस्थित भएमा बठैकका लागि गुणपूरक संख्या पुगेको मानिन्छ ।

ख) पहिलो पटक गुणपूरक संख्या नपुगी बैठक स्थगित भएमा उपस्थित संख्यालाई नै गुणपूरक संख्या मानिने छ ।

## परररच्छेद- ८

## समितिका पदाधिकारीहरका काम र कर्तव्य

११. समितिका पदाधिकारीहरका काम, कतर्व्य र अधिकारः

क) अध्यक्षको काम, कतर्व्य र अधिकारः

- समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने।
- नगर अस्पतालको दैनिक कार्यको रेखदेख गरी निर्देशन दिने।
- समितिका अन्य पदाधिकारीहरलाई जिम्मेवारी तोकी काममा लगाउने।
- समितिले तोकेका अन्य काम गर्ने गराउने।

ग) उपाध्यक्षको काम, कर्तब्य र अधिकारः

अध्यक्षको अनुपस्थितिमा अध्यक्षको हैसियतमा काम गर्नुपरे छ ।

ग) सचिवको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको निर्देशमा समितिको सचिवको हैसियतले बैठक बोलाउने।
- प्रतिवेदन पेश गर्ने र निर्णय कार्यान्वयन गर्ने ।

- प्रशासन प्रमुखको जिम्मेवारी वहन गने । 
- नगरकार्यपालिका, समिति तथा स्वास्थ्य शाखा प्रमुखको निर्देन पालना गने ।

घ) सदस्यको काम, कर्तव्य र अधिकारः 

- बैठकमा सहभागी हुने । 
- समिति तथा अध्यक्षले तोकेको कार्यहरु गने गराउने। 
- नगर अस्पतालको सञ्चालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने।

## परिच्छेद- ९

## कर्मचारी व्यवस्थापन

१२. कर्मचारी व्यवस्थापनः

क)नगर अस्पतालमा हाल कार्यरत कर्मचारी स्वस्थ्य सेवा ऐन,२०५३ वमोजिम नै हाललाई कार्यरत रहेको मानिने छ।

ख)उपदफा क) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन अनुसार हुने गरी व्यबस्था हुनेछ ।

ग) नगर अस्पतालमा कार्यरत कर्मचारीको सेवा, शर्त र सुबिधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

घ) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा वाहेक नगरपालिका भित्र नगर अस्पतालमा कार्यरत कर्मचारीहरलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

## परिच्छेद- १०

१३. बचाउः

क)यस कार्यबिधिमा लेखिए वाहेकको व्यवस्था वाहेक स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

ख)हलेसी तुवाचुङ नगरपालिकाका क्षेत्रभित्र रहेका अन्य स्वास्थ्य संस्था वा अस्पतालहरु यसै कार्यबिधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

ग) यो कार्यबिधि लागू हुनु पूर्व यस न.पा. भित्र कृयाशिल रहेका स्वास्थ्य संस्था वा अस्पतालहरु यसै कार्यबिधि बमोजिम सञ्चालन रहेको मानिनेछ ।

घ) यो कार्यविधि लागु हुदाँ स्वास्थ्य चौकी दुर्छिमको भवनमा तथा नगर अस्पतालको भवन निर्माणकार्य सम्पन्न भएपस्चात महादेवस्थानमा स्वास्थ्य चौकी महादेवस्थानको भवन समेत प्रयोग गरि नगर अस्पताल सञ्चालन गरिने छ ।

स्वीकृत मिति २०७९/०३/०९

आज्ञाले

रविकिरण आचार्य

प्रमुख प्रशासकीय अधिकृत